# अपाङ्गता पुनर्स्थापना समाज धादिङ
# बालसंरक्षणनीति २०८२

## १. परिचय

अपाङ्गता पुनर्स्थापना समाज (Disability Rehabilitation Society - DRSD), धादिङ वि.सं. २०७० सालमा अपाङ्गता भएका व्यक्ति तथा अपाङ्गता भएका व्यक्तिका अभिभावकहरूको पहलमा स्थापित एक गैरसरकारी, गैरधार्मिक, गैरराजनीतिक र मुनाफारहित सामाजिक संस्था हो। यस संस्थाको उद्देश्य अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारको सुनिश्चितता, पुनर्स्थापना र सामाजिक समावेशीकरणका लागि काम गर्नु हो । संस्थाले धादिङ जिल्लाभरिका अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकास, सीपमूलक तथा आयमूलक तालिम मार्फत आर्थिक सशक्तीकरण, गुणस्तरीय शिक्षा, स्वास्थ्य उपचार, सहायक सामग्री वितरण, स्वरोजगार तथा पहुँचयुक्त प्रवर्धन लगायतका कार्यक्रममार्फत उनीहरूको गुणस्तरीय र सम्मानजनक जीवनयापनको लागि काम गर्दै आएको छ । संस्थाले नेपालको संविधान २०७२, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धी (यूएनसीआरपीडी) २००६, अपाङ्गता अधिकार ऐन २०७४, र नियमावली २०७७ मा उल्लेखित विभिन्न प्रावधानहरूको कार्यान्वयन गराउन निरन्तर जनवकालत, जनचेनता र दबावमूलक कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। अपाङ्गता भएका व्यक्तिको अधिकार प्रचलन र सुनिश्चितताको लागि यो संस्थाले आफ्ना विभिन्न गतिविधिहरूलाई स्थानीय सरकार, नागरिक समाज, गैरसरकारी तथा नीजि क्षेत्र, सञ्चार माध्यमहरू र अपाङ्गताको सवालमा सरोकार राख्ने सबै सरोकारवालासँग सहकार्य गर्दै अगाडी बढाइरहेको छ ।

संस्थाले सञ्चालन गर्ने विभिन्न कार्यक्रम, परियोजना वा कुनै पनि गतिविधिले कुनै न कुनै प्रकारले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बालबालिकालाई असर पारिरहेको हुन्छ । संस्था अपाङ्गताको सवालमा काम गर्ने भएको हुनाले यसले गरेका कामहरूले अपाङ्गता भएका बालबालिकालाई कुनै न कुनै रूपमा असर गरेकै हुन्छ । त्यसैले संस्थाले बालबालिकाहरूसँग काम गर्दै गर्दा बाल अधिकार, बाल संवेदनशीलता र बाल संरक्षणलाई ध्यानमा राखेर काम गर्नुपर्ने भएको र यसको लागि संस्थालाई उचित मार्गनिर्देश गर्न नीति आवश्यक परेको हुनाले यो नीति जारी गरिएको हो । यो नीति संस्थाका साधारण सदस्य, कार्य समिति, अन्य समिति तथा उपसमितिहरू, कर्मचारी, स्वयमसेवक वा संस्थासँग अल्पकाल वा दीर्घकालिन रूपमा आवद्ध भएर काम गर्ने कुनैपनि संस्था, समूह वा व्यक्ति सबैको हकमा लागू हुनेछ ।

## २. यस नीतिका उद्देश्य

यस बाल संरक्षण नीतिका उद्देश्यहरू देहायबमोजिम हुनेछन् ।

- संस्थाको परियोजना, कार्यक्रम, संरचना वा कुनै पनि गतिविधिले बालबालिकालाई समेट्छ वा बालबालिकासँग सम्बन्ध राख्छ भने त्यस्ता गतिविधिहरू गर्दा बालबालिकाको सर्वोत्तम हित, सुरक्षा, संरक्षण र बालअधिकारको पूर्ण पालना गर्नु गराउनु ।

- संस्थाका सम्पूर्ण गतिविधिहरूलाई बालमैत्री बनाउनु
- संस्थाले विभिन्त गतिविधिहरू सञ्चालन गर्दा बालबालिका माथि हुन सक्ने जोखिम, दुर्व्यवहार, हिंसा, भेदभाव, शोषण वा बालअधिकारको हनन रोक्नु ।

**२. परिभाषारअवधारणाहरू**

**"बालबालिका"**भन्नाले नेपालको बालबालिका सम्बन्धी कानुनमा उल्लेख भए अनुसार१८वर्षभन्दाकमउमेरकाव्यक्तिलाई सम्झनुपर्नेछ ।

**"बाल अधिकार"**भन्नाले बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी, नेपालको बालबालिका सम्बन्धी कानुन, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धी २००६ मा व्यवस्था भएका बालबालिकाका अधिकारहरूभन्ने सम्झनुपर्छ ।

**"बाल संरक्षण"**भन्नालेबालबालिकालाईहुनेसम्भावित भेदभाव,शारीरिक, यौनिक, मानसिक, भावनात्मकहिंसा, शोषण वा उपेक्षाबाट जोगाउने कार्यसम्झनु पर्छ ।

**"बाल दुर्व्यवहार"**भन्नाले नेपालको बालबालिका सम्बन्धी कानुनले परिभाषित गरे अनुसारकाबालबालिकाल माथि हुने शारीरिक, यौनिक, भावनात्मक दुर्व्यवहार भन्ने सम्झनु पर्नेछ ।

**"संस्था"**भन्नाले अपाङ्गता पुनर्स्थापना समाज धादिङलाई सम्झनु पर्नेछ ।

**"कार्यसमिति"**भन्नाले संस्थाको केन्द्रीय कार्य समितिलाई सम्झनु पर्नेछ ।

**"विधान"**भन्नाले अपाङ्गता पुनर्स्थापना समाजको विधानलाई सम्झनु पर्नेछ ।

**३. बालसंरक्षणकासिद्धान्तहरू**

३.१. यस संस्थाले बाल संरक्षणका लागि देहायबमोजिम सिद्दान्तहरू अबलम्बन गर्नेछ

क) बालबालिकाकोसर्वोत्तमहितः संस्थाले बालबालिकाको संरक्षणमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राख्नेछ ।

ख) गैर भेदभावः संस्थाले बालबालिकालाई लिङ्ग, जात, धर्म, रंग, आर्थिक अवस्था, अपाङ्गता वा यस्तै कुनै पनि पृष्ठभूमिको आधारमा भेदभाव वा असमान व्यवहार गर्नेछैन ।

ग) गोपनियताः बालबालिकाका कुनै पनि संवेदनशील सूचनाहरू सार्वजनिक गरिनेछैन र तस्विर, नाम, व्यक्तिगत विवरणहरू स्वतन्त्र मञ्जुरीबिना सार्वजनिक गरिनेछैन ।

घ) शून्य सहनशीलताः बालबालिका प्रति हुने कुनैपनि प्रकारका हिंसा, दुर्व्यवहार, भेदभाव, शोषण र उपेक्षा प्रति शून्य सहनशीलता अपनाईनेछ ।

**४. जोखिममूल्याङ्कनरन्यूनिकरण**

४.१. संस्थाले कुनै पनि कार्यक्रम वा गतिविधि सञ्चालन गर्दा उक्त कार्यक्रमले बालबालिकालाई पार्ने प्रत्यक्ष वा अप्रत्यक्ष प्रभावको लेखाजोखा गरिनेछ। यस्तो लेखाजोखा गर्ने जिम्मेवारी सम्बन्धित

कार्यक्रम वा परियोजना प्रमुख वा सो गतिविधि सञ्चालन गर्ने जिम्मा पाएको व्यक्तिको हुनेछ। लेखाजोखा गर्ने व्यक्तिले लेखाजोखा गर्दा देहायबमोजिम प्रश्नहरूमा ध्यान दिइनेछ।

क) कार्यक्रम वा गतिविधि बालबालिका लक्षित छ कि छैन ?

ख) कार्यक्रम वा गतिविधिमा बालबालिका सहभागी हुन्छन कि हुँदैनन् ?

ग) कार्यक्रम वा गतिविधिले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बालबालिकालाई असर पार्छ कि पार्दैन ?

घ) कार्यक्रम वा गतिविधिले बालबालिकालाई हानी वा नोक्सानी पुऱ्याउँछ कि पुऱ्याउँदैन ?

४.२. कार्यक्रम वा गतिविधिले बालबालिकालाई असर पुऱ्याउने वा नपुऱ्याउने विषयमा लेखाजोखा गरिसकेपछि त्यसले बालबालिकाहरूमा पार्न सक्ने जोखिमको मुल्याङ्कन गरिनेछ। जोखिमको मुल्याङ्कन गर्दा देहायबमोजिमका विषयमा ध्यान दिइनेछ।

क) बालबालिकाको सुरक्षा अवस्था

ख) बाल यौन दुर्व्यवहारको सम्भावना

ग) बाल हिंसा वा शोषण हुने सम्भावना

घ) कार्यक्रमले बालबालिकामा पार्न सक्ने नकारात्मक प्रभाव

ङ) बालबालिका माथि हुन सक्ने भेदभाव वा उपेक्षा

च) बालबालिकाका व्यक्तिगत सूचना, तस्विर, अडियो भिजुअलहरूको दुरूपयोगको सम्भावना

४.३. जोखिमको लेखाजोखा गरिसकेपछि जोखिम न्यूनिकरणको लागि देहायबमोजिम व्यवस्था गरिनेछ।

क) कार्यक्रमको आयोजना गर्ने वा कार्यान्वयन गर्ने पक्षहरूलाई संस्थाको बाल संरक्षण नीति र बाल अधिकार सम्बन्धी कानुनहरूको बारेमा अभिमुखीकरण गरिनेछ।

ख) यदि कार्यक्रममा बालबालिकाको प्रत्यक्ष सहभागिता हुन्छ भने उनीहरूको सुरक्षा र संरक्षणका लागि विशेष उपाय अबलम्बन गरिनेछ र यसको लागि पूर्वतयारी गरिनेछ। सहभागी हुने बालबालिका र तिनका अभिभावकलाई आफ्नो सुरक्षाको लागि ध्यान दिनुपर्ने कुरा र कुनै विषयमा गुनासो गर्न पर्ने भएमा गुनासो संयन्त्र र गुनासो गर्ने तरिकाको बारेमा बताइनेछ।

ग) कुनै गतिविधिले बालबालिकालाई नकारात्मक असर गर्ने देखिएमा त्यस्ता गतिविधिहरूलाई परियोजनाबाट हटाइनेछ।

घ) संस्थाले नियुक्त गरेको बाल संरक्षण सम्बन्धी फोकल पर्सनमार्फत् अनुगमनलाई सक्रिय तुल्याइनेछ।

ङ) कुनै गलत गतिविधि देखापरेमा वा कसैले गुनासो दर्ता भएमा तत्काल कार्वाही अगाडी बढाइनेछ।

**५. आचारसंहिता**

५.१. बालबालिकाको संरक्षण र बाल अधिकार सुनिश्चितताको लागि संस्थाका साधारण सदस्य, कार्यसमिति सदस्य तथा पदाधिकारीहरू, अन्य सबै प्रकृतिका समिति, उपसमिति तथा कार्यदलहरू, सबै तह र तप्काका कर्मचारी तथा स्वयंसेवक साथै संस्थासँग कुनै पनि कामको लागि दीर्घकालिन वा अल्पकालिन समयको लागि आबद्ध कुनै पनि व्यक्ति, संस्था तथा समुहले देहायबमोजिम न्यूनतमआचारसंहिता पालना पर्नुपर्नेछ।

क) हरेक बालबालिकासँग सम्मानजनक व्यवहार गर्ने र नेपालको सरकारले गरेको बालहिंसा वा बाल दुर्व्यवहारको परिभाषाभित्र पर्ने कुनैपनि कार्य नगर्ने।

ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले सुनिश्चित गरेका बाल अधिकार र बाल संरक्षणका व्यवस्थाहरूप्रति पूर्ण जिम्मेवार रहने।

ग) बालबालिकासँग कुनैपनि प्रकारको अनुचित सम्पर्क नराख्ने, यौन दुर्व्यवहार नगर्ने र गर्न नदिने, बालबालिकालाई कुनै प्रकारको शारीरिक वा मानसिक यातना, डर वा धम्की नदिने।

घ) बालबालिका वा उनीहरूका अभिभावकको स्वतन्त्र मञ्जुरीबिना बालबालिकासँग वा उनीहरूको फोटो, भिडिय वा अडियो रेकर्ड नगर्ने।

ङ) बालबालिकाको फोटो वा भिडियो खिचेर जथाभावी सामाजिक सञ्जाल वा इन्टरनेटमा पोष्ट नगर्ने।

च) कुनै ठाउँमा फोटो भिडियो प्रयोग गर्दा बालबालिका वा उनीहरूका अभिभावको स्वतन्त्र मञ्जुरी नलिई नगर्ने।

छ) बालबालिकालाई राजनैतिक गतिविधिमा उपयोग नगर्ने र श्रम गर्न वा कुनै आपराधिक गतिविधिमा नलगाउने।

ज) बालबालिकाको हित र इच्छा विपरित जबरजस्ती बालगृह वा कुनै संस्थामा लगेर राख्ने वा राख्न लगाउने कार्य नगर्ने।

झ) बालबालिकालाई सडकमा माग्न लगाउनेवा घरेलु श्रमिकको रूपमा राख्ने कार्य नगर्ने।

ञ) बालबालिका बेचविखन वा ओसारपसार अन्तर्गत पर्ने कुनै पनि काम नगर्ने वा गर्न नदिने।

ट) बालबालिका र उनीहरूका अभिभावकको स्वतन्त्र सहमतिबिना बालबालिकालाई संस्थाको कुनै पनि कार्यक्रममा सहभागी नगराउने।

ठ) विद्यालयसँग सहमति नलिईकन पढाई छुटाएर बालबालिकालाई संस्थाको कार्यक्रममा सहभागी नगराउने।

ड) बालश्रम गराउने होटेल तथा रेष्टुरेण्ट, पसल वा सेवा प्रदायकबाट कुनै प्रकारको सेवा नलिने।

## ६. अभिमुखिकरण र प्रतिवद्धता

६.१. हरेक नयाँ नियुक्त हुने कर्मचारी वा स्वयम सेवकलाई बाल संरक्षण नीति, बालबालिकासँग गर्नुपर्ने व्यवहारर बाल संरक्षणको लागि न्यूनतम पालना गर्नुपर्ने आचारसंहिताको बारेमा अभिमुखिकरण गरिनेछ र संस्थाको बाल संरक्षण नीति प्रति पूर्ण प्रतिवद्धता पत्रमा हस्ताक्षर गराइनेछ ।

६.२. कुनै बस्तु वा सेवा आपूर्ति गर्न वा परामर्श सेवा दिन संस्थासँग आवद्ध हुने कुनै पनि व्यक्ति संस्था वा समुहलाईबाल संरक्षण नीति, बालबालिकासँग गर्नुपर्ने व्यवहारर बाल संरक्षणको लागि न्यूनतम पालना गर्नुपर्ने आचारसंहिताको बारेमा अभिमुखिकरण गरिनेछ र संस्थाको बाल संरक्षण नीति प्रति पूर्ण प्रतिवद्धता पत्रमा हस्ताक्षर गराइनेछ ।

६.३. संस्थाका सबै पदाधिकारी, सदस्य, समिति तथा उपसमितिका सदस्य तथा पदाधिकारी, साधारण सदस्य सबैलाई बाल संरक्षण नीति, बालबालिकासँग गर्नुपर्ने व्यवहारर बाल संरक्षणको लागि न्यूनतम पालना गर्नुपर्ने आचारसंहिताको बारेमा अभिमुखिकरण गरिनेछ र संस्थाको बाल संरक्षण नीति प्रति पूर्ण प्रतिबद्धता पत्रमा हस्ताक्षर गराइनेछ ।

## ७. गुनासो दर्ता, रिपोर्टिङरकार्वाही

७.१.स्रोत साधनको व्यवस्था भई अर्को व्यवस्था नभइन्जेलसम्म केन्द्रीय कार्य समितिको उपाध्यक्षलेबाल संरक्षण सम्पर्क व्यक्ति (Child Protection Focal Person) को रूपमा कार्य गर्नेछन् ।

७.२. बाल हिंसा, बाल दुर्व्यवहार वा बालअधिकार हनन वा बालबालिका बिरूद्ध कुनैपनि घटना भएको थाहा पाउने, देख्ने वा सूचना पाउने व्यक्तिले वा त्यस्तो घटनाबाट प्रभावित कुनै बालबालिका स्वयंले संस्थाको बाल संरक्षण सम्पर्क व्यक्तिलाई सिधै गुनासो राख्न सक्नेछ ।

७.३. गुनासो दर्ताको लागि मौखिक, लिखित वा आफुलाई सहज हुने जुनसुकै विधि अपनाउन सकिनेछ र यसको लागि इमेल, फोन, ह्वाट्सएप, म्यासेन्जर कुनै पनि माध्यमको उपयोग गर्न सकिनेछ ।

७.४. पिडित व्यक्ति वा गुनासो गर्ने व्यक्तिको सुरक्षा र गोपनियताको अधिकारको ख्याल गर्दै सूचनालाई गोप्य राख्नु बाल संरक्षण सम्पर्क व्यक्तिको प्रमुख दायित्व तथा जिम्मेवारी हुनेछ ।

७.५. गुनासो दर्ताको लागि छुट्टै इमेल र टेलिफोन नम्बर उपलब्ध गराइनेछ ।

७.६. दर्ताभएको गुनासोको आधारमा तत्काल एक छानबिन समिति बनाई पिडकलाई संस्थाले गर्न मिल्ने कार्वाही तत्काल गरि घटनाको गम्भीरता हेरी बाँकी कानुनी कार्वाहीको लागि सम्बन्धित सरकारी संयन्त्रसँग समन्वय गरि कार्वाही अगाडी बढाइनेछ ।

## ८. बालबालिकाकोसहभागिता

८.१. संस्थाले कुनै पनि कार्यक्रममा बालबालिकाको सहभागिता गराउँदा देहायबमोजिमका न्यूनतम कुराहरूमा अनिवार्य सुनिश्चित गर्नुपर्नेछ।

- क) आवासमा बालबालिकाको पूर्ण सुरक्षा
- ख) बालमैत्री वातावरण र आवश्यक परेमा अभिभावकको साथ
- ग) कार्यक्रममा सहभागी हुन यात्रा गर्दा दिनुपर्ने पूर्ण सुरक्षा र संरक्षण
- घ) कार्यक्रममा बालमैत्री भाषा र शब्दावलीहरूको प्रयोग
- ङ) अपाङ्गता भएका बालबालिकाको लागि पहुँचयुक्त वातावरण र उपयुक्त अनुकूलता
- च) कार्यक्रममा सहभागी हुनको लागि अभिभावकको पूर्ण मञ्जुरी
- छ) कुनै विद्यालय बालबालिकासँग कार्यक्रम गर्दा विद्यालय प्रशासनको पूर्ण मञ्जुरी
- ज) फोटो, भिडियो र अन्तरवार्ता लिँदा बालबालिका र अभिभावकको पूर्ण मञ्जुरी
- झ) सामाजिक सञ्जाल वा इन्टरनेटमा फोटो वा भिडियो राख्न बालबालिका र अभिभावकको अनुमति अनिवार्य
- ञ) कार्यक्रम स्थलमा गुनासो राख्ने अस्थाई व्यवस्था

## ९. गोपनीयतारअभिलेखन

९.१. विभिन्न प्रयोजनले संग्रह गरिएका बालबालिका व्यक्तिगत सूचना, तथ्याङ्क, व्यक्तिगत अन्तरवार्ता, भिडियो वा तस्विरहरू लगायत अन्य बालबालिका सम्बन्धी संवेदनशीलअभिलेखहरू गोप्य राखिनेछ। यसमा संस्थाका सिमित व्यक्तिको मात्र पहुँच हुनेछ।

## १०. नीतिकार्यान्वयनरपुनरावलोकन

१०.१. यस नीतिको पूर्ण पालना गर्ने तथा गराउने जिम्मेवारी तथा दायित्व संस्थाका साधारण सदस्य, कार्य समिति, अन्य समिति तथा उपसमिति तथा कर्मचारीहरूको हुनेछ।

१०.२. नीतिको प्रभावकारी कार्यान्वयन भएको नभएको अनुगमन कार्यसमितिका अध्यक्षको नेतृत्वमा गठित एक तीन सदस्यीय समितिले गर्नेछ।

१०.३. नीतिको कार्यान्वयनको समिक्षा तथा पुनरावलोकन हरेक २ बर्षमा एक पटक गरिनेछ।